यस सम्बन्धी थप जानकारी एवं सुझाव लिनु दिनु परेमा निम्न ठेगानामा सम्पर्क राख्नुहोला ।

**वन अनुसन्धान तथा सर्वेक्षण विभाग**

पोष्ट बक्स नं. ३३३९, बबरमहल, काठमाडौं, नेपाल ।

टेलिफोन: ४२२०४८२, ४२२०६७१, फ्याक्स: ४२२०१५९

ईमेल: foresc@wlink.com.np

**पुस्तिका तयारकर्ता :** प्रयागराज ताम्राकार

**प्रकाशक :** वन अनुसन्धान तथा सर्वेक्षण विभाग
वन तथा भू-संरक्षण मन्त्रालय
बबरमहल, काठमाडौं, नेपाल ।

**यो पुस्तिका माथिको ठेगानाबाट निःशुल्क प्राप्त गर्न सकिन्छ ।**

# नेपालमा पाटे र खोटे सल्ला वृक्षारोपण वन पल्ल्याउने सम्बन्धी

# मार्गदर्शन

## २०६४

नेपाल सरकार
वन तथा भू संरक्षण मन्त्रालय
वन अनुसन्धान तथा सर्भेक्षण विभाग
बबरमहल

नेपाल सरकार
वन तथा भू-संरक्षण मन्त्रालय
**वन अनुसन्धान तथा सर्वेक्षण विभाग**
.................................महाशाखा
पोष्ट बक्स नं. ३३३९ बबरमहल, काठमाडौं, नेपाल

पत्र संख्याः
मितिः.................................
प्राप्त पत्र संख्या र मितिः

विषयः-



## दुई शब्द

वनको विकासमा वन अनुसन्धान कार्यको प्रमुख भूमिका हुन्छ। सामुदायिक वन व्यवस्थापनमा समुदायको साथसाथै प्राविधिक पक्षको पनि उत्तिकै महत्व रहन्छ। प्राविधिक पक्ष सहि ढंगबाट विकसित भै प्रयोग भएमा, यसको प्रभावले वन उपभोक्ताहरुको जीवन शैलिमा सुधार आउन सक्छ। त्यसकारण वन अनुसन्धान तथा सर्वेक्षण विभागले वन व्यवस्थापनमा टेवा पुऱ्याउनु पर्ने हुन्छ। समयानुकुल वन व्यवस्थापनको पद्धतिमा भएको परिवर्तन अनुरुप यस विभागले वन व्यवस्थापन कार्यमा अध्ययन गरि आवस्यक आयतन तालीका जस्ता प्राविधिक औजारहरु विकास गर्ने कार्यमा निरन्तरता दिदै आएको छ।

पहाडी क्षेत्रमा हरीयाली बढ्नुमा खोटे एवं पाटे सल्ला वृक्षारोपण समेतको ठूलो योगदान छ। काभ्रेपलान्चोक र सिन्धुपाल्चोक जिल्लाहरुमा मात्र २०,००० हेक्टर भन्दा बढि बृक्षारोपण भएको छ भने अन्यत्र जिल्लाहरुमा पनि उल्लेखनिय क्षेत्रफलमा वृक्षारोपण भई सकेको छ। यस विभागले सामुदायिक वनको व्यवस्थापन गर्न सरल होस भन्ने हेतुले "पाटे एवं खोटे सल्लाको वन पत्ल्याउने मार्गदर्शन" निर्माण गरेको छ। हालसम्म उपलब्ध जानकारी एवं सूचनाको आधारमा यो मार्गदर्शन निर्माण गरिएको हो। यस मार्गदर्शनको लक्ष्य विकसित

महानिर्देशक फोन नं.: [illegible], फ्याक्स: [illegible], ई-मेल: foresc@wlink.com.np, dfrs@fsd.mos.com.np
उप-महानिर्देशक (वन सर्वेक्षण) फोन नं.: [illegible], उप-महानिर्देशक (वन अनुसन्धान) फोन नं.: [illegible]

वृक्षारोपणको व्यवस्थापन गरी सम्वन्धित वन उपभोक्ता समूहहरुलाई लाभान्वित गर्नु हो।

यस मार्गदर्शनको प्रयोजनमा सहयोग पुर्‍याउन "हाललाई काभ्रेपलान्चोक र सिन्धुपाल्चोक जिल्लाहरुमा लागु गर्न र यस नतिजाको आधारमा अन्य जिल्लालाई पछि विचार गर्न उपयुक्त हुने" भन्ने नेपाल सरकार (माननीय मन्त्रीस्तर) बाट मिती २०६४।४।२७ मा निर्णय भएकोमा म नेपाल सरकारलाई धन्यवाद दिन चाहन्छु। यो मार्गदर्शन वन उपभोक्ता समूह सबैले बुझ्न भनि सरल भाषामा बनाउने प्रयास भएको छ। व्यवहारिक रुपमा आउने तथ्यहरुलाई पुनः समायोजन गरि क्रमशः परिमार्जन गर्नु पर्ने विश्वास लिएको छु। यसको लागि सबैको सुझावको अपेक्षा गरेको छु।

यस मार्गदर्शनको तयारीको लागि फिल्ड कार्यमा सहयोग गर्ने जि.व.का. काभ्रेपलान्चोक र सिन्धुपाल्चोक, नेपाल अस्ट्रेलिया सामुदायिक स्रोत व्यवस्थापन तथा जीविकोपार्जन परियोजना, तथा सिन्धुपाल्चोकमा बासुकी देवि, गौरती, लाम्पाते, श्रीछाप, संसारी डाँडा, छाप आहल डाँडा, भेडि गोठ, धिम पुराण सामुदायिक वन उपभोक्ता समुहहरु तथा काभ्रेपलान्चोकमा काजीको तथा धैरेनी, रातोमाटे, भगवान थुम्की, कालिका, डिवदोल, व्याङढुङ्गा, सपनेश्वरी, ठुलो पाखा, ढुङ्गे पाखा बहाल वन, हीले जलजले क सामुदायिक वन उपभोक्ता समुहहरु धन्यवादका पात्र छन्। श्री लघु-उद्यम विकाश कार्यक्रम (MEDEP) लाई प्रकाशन कार्यको लागी आर्थिक सहयोग पुर्‍याएकोमा धन्यवाद दिन चाहन्छु।

यस मार्गदर्शनलाई तयार गर्नुहुने यस विभागका उप-सचिव (प्राविधिक) श्री प्रयाग राज ताम्राकारलाई म विशेष धन्यवाद दिन चाहन्छु।

दिव्य देव भट्ट
महानिर्देशक
वन अनुसन्धान तथा सर्भेक्षण विभाग

# विषय सूची


| | | |
|---|---|---|
| १. | परिचय | १ |
| २. | वृक्षारोपणलाई पत्ल्याउन किन आवश्यक छ ? | १ |
| ३ | पत्ल्याउने तरीकाहरु | ३ |
| ४ | वनको विकासमा पत्ल्याउने तरिकाले पार्ने प्रभावहरु | ६ |
| ५. | पत्ल्याउने कार्य र नियन्त्रण | ७ |
| ६. | पत्ल्याउने मार्गदर्शनः | ८ |
| ६.१ | पत्ल्याउने कार्यका सिद्धान्त एवं उदेश्यहरु | ८ |
| ६.२ | कटान चक्र | ९ |
| ६.३ | कहिले पत्ल्याउने ? | ९ |
| ६.४ | कसरी पत्ल्याउने ? | ९ |
| ६.५ | कुन तरिका प्रयोग गर्ने ? | १० |
| ६.६ | पत्ल्याउने सिफारिसहरु | १० |

**अनुसूचीहरु**

| | | |
|---|---|---|
| अनुसूची १: | पाटे र खोटे सल्लाको वृक्षारोपण वन पत्ल्याउने तरिका | १७ |
| अनुसूची २: | मार्गदर्शन अनुसार वन कार्ययोजनामा पत्ल्याउने पद्धति अनुसार सिफारिस गर्ने तरिका | १९ |

# नेपालमा पाटे सल्ला र खोटे सल्ला वृक्षारोपण वनको पत्ल्याउने मार्गदर्शन

## १. परिचय

नेपालमा प्रशस्त मात्रामा सल्लाको वृक्षारोपण भएता पनि उचित व्यवस्थापनको कमीले यी स्रोतको सदुपयोगबाट ग्रामीण जीविकोपार्जनमा हुन सक्ने सुधार हासिल गर्न सकिएको छैन । सिन्धुपाल्चोक र काभ्रेपलान्चोक जिल्लामा पाटे सल्ला तथा खोटे सल्लाको वृक्षारोपण सन् १९७० तिर नै हुर्की स्थापित भै सकेका थिए । तर वृहत्रुपमा वृक्षारोपणको कार्य भने सन् १९८० को दशकमा भएको थियो । ती वृक्षारोपणहरुको उमेर हाल १६ देखि २७ वर्ष सम्म पुगी सकेका छन् । अधिकांश वृक्षारोपण क्षेत्रमा चाहिने भन्दा बढी रुखहरु रहेकाले ती रुखहरु राम्रोसंग बढ्न सकिरहेका छैनन् । त्यसैले जे जति फाइदा लिन सकिने हो, ति फाइदा समेत लिन नसकिएको अवस्था छ । यस मार्गदर्शनको प्रयोगबाट सल्लाको वृक्षारोपण वनको बिकाशमा एकरुपता ल्याउनमा सहयोग पुग्ने छ भने यसले व्यवस्थापनका उद्देश्य पूरा गर्न निर्देशित गर्ने छ भनी आशा गर्न सकिन्छ ।

यो मार्गदर्शन नेपाल एवं अन्य देशहरुमा हासिल गरिएका अनुसन्धानहरुको नतिजामा आधारित छ । साथै नेपालको वृक्षारोपण क्षेत्रमा लामो समय सम्म कार्यरत अनुभवि प्राविधिक/अनुसन्धानकर्ताहरुको ज्ञान र अनुभव पनि यस मार्गदर्शनमा समाहित भएको छ ।

## २ वृक्षारोपणलाई पत्ल्याउनु किन आवश्यक छ ?

कुनै पनि वन क्षेत्रमा काटेर रुखहरुको संख्या घटाउने प्रकृयालाई पत्ल्याउने भनिन्छ । यो कार्य वृक्षछत्रहरु जोडिन गए पछि गरिन्छ । बहुसंख्यक वन उपभोक्ता समूहहरुले यस प्रकृयालाई कॉटछॉट गर्ने पनि भन्नेगरेको पाइएको छ । साधारणतया पत्ल्याउने कार्य एउटा वनमा पटक पटक गरिन्छ र यो कार्य गरेको केही बर्षपछि छत्रहरु जोडिएपछि

पुनः पत्ल्याउने कार्य गरिन्छ । पत्ल्याउने कार्य गरिने मुख्य कारणहरु निम्नानुसार छन् ।

१. बनमा रुखहरुको संख्या घटाउन र बाँकी रहेका रुखहरूको छत्रलाई बढी ठाउँ दिई जराको बिकास गराई रुखहरुको छिटो वृद्धि गराई चाँडो उपयोगी आकारमा पुऱ्याउन (चित्र संख्या १) ।

२. नराम्रा प्रकारका रुखहरु (बांगो, टिङ्गो, कापा भएको, फितलो, जिडरिङ्ग हाँगा भएको आदी) हटाई भविष्यको लागि राम्रा रुखहरुको मात्र वृद्धि एवं संचिति गराउन ।

३. स्वस्थ र राम्रा रुखहरु कायम राख्न मरेका, मर्न लागेका र रोगी रुखहरु हटाउन ।

४. एक अर्का बीचको प्रतिष्पर्धा हटाई रुख बिरुवामा पर्ने दवाब (Stress) को मात्रा र रुखमा लाग्ने रोगको प्रकोप कम गर्न ।

५. राम्रो आकार भएका स्वस्थ्य रुखहरु कायम गरी राम्रो गुणस्तरको काठ उत्पादन गर्न ।


६. रुखहरु प्राकृतिक रुपमा सुक्ने र मर्ने प्रक्रियामा कमी ल्याउन ।

७. बाँकि रहेका रुखहरुको वृक्षछत्र लामो र फराकिलो वनाउन ।

८. पत्ल्याउने कार्यवाट उत्पादन भएको काठ तथा दाउरा बिक्रीगरी बीच-बीचमा आर्थिक लाभ लिन ।

पत्ल्याउने कार्य गर्दा सूर्यको प्रकाश जमिनको सतहसम्म पुगी चरीचरणको लागि आवश्यक भूँईघाँस उत्पादन हुनुको साथै स्थानीय तथा सो जातका रुख बिरुवालाई बढ्न प्रोत्साहन पुग्छ । यसले हरेक रुखहरुको अवस्थामा परिवर्तनल्याइ बन जंगलको बिकासमा समेत सुधार ल्याउँछ । यस्तो कार्य गर्दा उत्पादन हुने बल्लावल्ली एवं खाँबाहरु जनताले बढि रुचाउँछन् । तसर्थ पत्ल्याउने कार्य रुखबिरुवामा नगरी नहुने कार्य हो । तर पत्ल्याउनु अगावै बजार व्यवस्था गर्नु व्यवहारीक तवरमा अति जरुरी हुन्छ ।






चित्र नं. १ : ९ वर्षको पाटे सल्ला ।
नपत्ल्याउँदाको (क) र पत्ल्याउँदाको (ख) रुखहरुमा देखिएको वृद्धिमा अन्तर

## ३ पत्ल्याउने तरिकाहरु :

वृक्षारोपणमा पत्ल्याउने कार्य रुखहरुको वृक्ष छत्र जोडिए पछि गरिने गरिन्छ । साधारणतया शुरुको अबस्थामा बिरुवाहरुको वृद्धि द्रुत गतिमा भई रहेको हुन्छ । यस समयमा फराकिलो दूरी रहने गरि ज्यादा पत्ल्याउनाले बिरुवाको वृद्धिमा प्रतिकूल असर पर्न सक्छ । तसर्थ ठीक समयमा निश्चित विधि अपनाई पत्ल्याउने कार्य गर्नु पर्छ ।

पत्ल्याउने कार्य विभिन्न तरिकाले गर्न सकिन्छ तर मुख्यतया दुई विधिहरुमा विभाजन गर्न सकिन्छ । ती हुन् (क) क्रमवद्ध, यन्त्रिक वा सिधा रेखामा पत्ल्याउने तरीका र (ख) मानव नियन्त्रित वा छनोट गरेर पत्ल्याउने तरीका । यस मार्गदर्शनमा दोस्रो विधिमात्र उल्लेख गरिएको छ ।

### छनोट गरेर पत्ल्याउने तरीका :

छनोट गरेर पत्ल्याउने तरीका सबैभन्दा सामान्य तरीका हो । यसमा कुन रुख हटाउने र कुन रुख राख्ने भन्ने कुरा हटाउने रुखमा चिन्ह लगाउने व्यक्तिको बिबेकमा भर पर्ने कुरा हो । छनोट गरि पत्ल्याउने तरिका दुई किसिमको हुन्छ । तलबाट पत्ल्याउने (ground thinning) र वृक्षछत्र पत्ल्याउने (Crown thinning) बिधि ।

**तलवाट पत्ल्याउने** (ground thinning) **विधिः** यो पत्ल्याउने विधिमा तल्लो छत्रमा थिचिएर बसेको धेरै जसो स-साना रुखहरु हटाइन्छ। नबढ्ने खालका, नरामा, ठूला र बढि छत्र ओगटेका रुखहरुलाई पनि हटाइन्छ। यस प्रकारका रुखहरु छुट्याउनलाई सजिलो हुन्छ। यस विधिमा नरामा, मर्न लागेका, मरेका, बाङ्गाटिङ्गा, कम बढ्ने खालका रुखहरु हटाइने हुँदा भविष्यको लागि राम्रा र राम्रो आकार भएका छिटो बढ्ने खालका रुखहरुमा केन्द्रित रहन्छ।

तलवाट पत्ल्याउने विधिमा अन्तिम कटानको लागि कायम राखिने सबै किसिमका रुखहरु राम्रो प्रकारका र प्रायः औसत वृद्धि भन्दा छिटो बढ्ने खालका हुन्छन्। यद्यपि पत्ल्याउने कार्यमा रुखहरु बीचको सामान्य दूरी र प्रतिस्पर्धालाई पनि ख्याल राख्नुपर्दछ, ताकि रुखहरुको बीचमा ठूलो फासला नहोस। तलवाट पत्ल्याउने विधिमा परम्परागत रुपमा चार प्रकारका उप-विधिहरु प्रयोगमा ल्याईएको पाइन्छ।

**तालिका १:** तलवाट पत्ल्याउने विधिका उप-विधिहरुः

| उप-विधि | | हटाउने रुखहरु |
|---|---|---|
| क) | हलुका पत्ल्याउने (ए ग्रेड पत्ल्याउने) | मरेका, मर्न लागेका र दबावमा रहेका रुखहरु |
| ख) | मध्यम पत्ल्याउने (बी ग्रेड पत्ल्याउने) | क) उप-विधिका रुखहरुको साथसाथै सबै बढ्न नसक्ने रुखहरु, पातला र ज्यादा हाँगा भएका रुखहरु जसका हाँगाहरु छाँट्न पनि सकिदैन। |
| ग) | धेरै पत्ल्याउने (सी ग्रेड पत्ल्याउने) | क) र ख) उप-विधिका रुखहरुको साथसाथै कुनै कुनै नरामा ठूला रुखहरु जसलाई हटाउँदा स्थायी रुपमा खालि ठाउँ रहदैन। |
| घ) | अति धेरै पत्ल्याउने (डी ग्रेड पत्ल्याउने) | क), ख) र ग) उप-विधिका रुखहरुको साथसाथै केही राम्रा रुखहरु पनि जसले गर्दा समदूरी कायम रहन्छ र राम्रो काठ र छत्र भएका रुखहरु कायम रहन्छन्। |

श्रोत : च्याम्पियन र सेथ (१९६८)। भारतवर्षको लागि सामान्य वन प्रवर्द्धन शास्त्र, दिल्ली।



**वृक्षछत्र पत्ल्याउने (Crown thinning:** तलवाट पत्ल्याउने विधि भन्दा वृक्षछत्र पत्ल्याउने विधि बढी जटिल हुन्छ किनकि यसमा अलि कम राम्रो रुखहरु पनि हटाउनु पर्ने हुन्छ। यसबाट बाँकी रुखहरुले स्वतन्त्र रुपमा बढ्ने अवसर पाउँदछन्। प्रायः अन्तिम कटानको लागि राम्रा संभाव्य रुखहरु छानेर राखिन्छ र पत्ल्याउने कार्य वृक्षछत्र विकासको पक्षमा गरिन्छ।

यस विधिको दुईवटा महत्वपूर्ण फाईदाहरु छन्। पहिलो, केही राम्रा रुखहरुलाई कायम राखिन्छ र तिनीहरुको वृद्धि प्रवर्द्धन गरिन्छ। दोस्रो, शुरुमै पत्ल्याउने बेलामा ठूला रुखहरु पनि हटाइने हुँदा शुरुमा नै राम्रो आर्थिक फाईदा हुन्छ र पत्ल्याउने खर्चमा कमी आउन सक्छ। यस विधिमा कुन रुख हटाउने भनी निर्णय गरी चिन्ह लगाउने कार्य गाह्रो काम हो। यसमा कुन रुख काट्ने र कुन रुख छाड्ने भन्ने बारे दुई व्यक्तिको मत नमिल्न पनि सक्ने हुँदा निर्णयमा आई चिन्ह लगाउने कार्यमा धेरै समय लाग्न सक्छ।

## ४. वनको विकासमा पत्ल्याउने तरिकाले पार्ने प्रभावहरुः

### क. पत्ल्याउने कार्यका केही राम्रा प्रभावहरुः

पत्ल्याउने कार्यबाट बाँकी रहेका रुखहरुको औसत आकार बढ्दछ, किनकि यसमा प्रायः सबै औसत भन्दा साना रुखहरु हटाई सकिएका हुन्छन्। जबकी वृक्षछत्र पत्ल्याइमा यसको विपरीत असर हुन सक्छ। क्रमबद्ध पत्ल्याईमा भने यसको तत्कालीन प्रभाव कम हुन सक्छ। त्यसकारण, पत्ल्याउने तरिकाले रुखको व्यास, उचाई र आकारमा असर गर्दछ।

पत्ल्याउने कार्यले प्रयोगमा आउने काठको परिमाणको साथ साथै गुणस्तरमा पनि प्रभाव पार्दछ। काठको वृद्धिमा एकरुपता हुनु नै यसको महत्वपूर्ण पक्ष हो जुन नियमित (छोटो छोटो अवधि) र मध्यमार्गी (न हलुका न धेरै) पत्ल्याउने कार्यबाट पाउन सकिन्छ। ढल्केका, नरामा

आकारका, काण्ड बटारिएका र पातला रुखहरु हटाउने हुँदा नराम्रो काठ घट्न गई राम्रा रुखहरु बाँकि रहन्छन् । बाँकि रहेका रुखहरुमा चिरान काठमा प्रयोग हुने रुखहरुको सम्भाव्यता बढी हुन्छ ।

### ख. पत्ल्याउने कार्यका केही नकारात्मक प्रभावहरु

१. माथि (टुप्पोमा) सानो हुँदै जाने प्रक्रियामा वृद्धी हुन्छ, साथै रुखको व्यासमा बृद्धी भएता पनि यसले गर्दा केहि चिरान काठका रुपमा प्रयोगमा आउने काठको प्रतिशतमा कमी हुन गएको पाईएको छ । यद्यपि पत्ल्याउने कार्य नगरिएमा उपयोगी काठको लम्बाई कम हुनुको साथै गोलाइ पनि कम हुने सम्भावना हुन्छ ।

२. व्यासको द्रुत वृद्धिले गर्दा खाँदिएको काठमा कमी आउँछ । रेशाहरु केही लामा हुनुको साथै कलिलो काठको मात्रा बढी हुन्छ । ठूला रुख भएता पनि काठको निर्दिष्ट तौल कम हुन्छ त्यसकारण अरु भन्दा यस्तो काठ कम बलियो हुन्छ जसमा वन विज्ञको कुनै नियन्त्रण रहँदैन । अनियमित र धेरै पत्ल्याउने कार्य बाट काठको गुणमा धेरै फरक आउँदछ । आँख्ला र हाँगाहरुले काठको गुणस्तरमा नराम्रो प्रभाव पार्ने संभाव्यता भएकोले पत्ल्याउने कार्यगर्दा हाँगाहरु पनि साथ साथै छाँट्नु आवश्यक हुन्छ ।

३. पत्ल्याउने कार्य गर्दा काटेको रुखले अन्य बाँकी रहेका रुखहरुको हाँगा भाँच्ने र बोका लाछिने हुँदा रोग लाग्ने र संक्रमण हुने संभावना बढ्न गै काठ बिग्रने, ढुसी पर्ने  हुन सक्दछ । यसको साथसाथै ढलेका रुखहरु निकाल्दा माटो खोस्रीने, कडा हुने र रुखको जराहरुमा समेत नोक्सान पुग्न सक्ने संभावना रहन्छ ।

## ५. पत्ल्याउने कार्य र नियन्त्रण

क्रमवद्ध पत्ल्याउने तरिकामा नियन्त्रणको समस्या रहँदैन । यसमा निश्चित लाईनमा रुखहरु हटाइने हुँदा पत्ल्याउने कार्य सजिलै



हुन्छ । छनोट गरेर पत्ल्याउने तरिकामा कुन रुख काट्ने र कुन रुख राख्ने भन्ने पहिले नै चिन्ह लगाउनु पर्छ । यसमा पत्ल्याउने कार्यको नियन्त्रण गर्नको लागि कुन प्रकारको रुख हटाउने र कति मात्रामा हटाउने दुबै निश्चित गर्नुपर्छ । यसको लागि तालिम प्राप्त चिन्ह लगाउने व्यक्तिहरुको जरुरत पर्दछ । कस्तो प्रकारको रुखहरु हटाउने भन्नेमा प्रष्ट निर्देशन हुनुपर्दछ । तर सबै वन क्षेत्रमा एकैरुपमा पत्ल्याउने स्तरमा नियन्त्रण गर्न भने गाह्रो हुन सक्छ ।

### रुखको संख्यावाट नियन्त्रण :

पत्ल्याउने स्तरमा नियन्त्रण गर्न साधारणतया काण्डको क्षेत्रफल (वेसल एरिया) र रुखहरुको संख्याको आधार लिईएको पाईएको छ । रुखहरुको संख्याको आधारमा गरिने नियन्त्रण धेरै सरल र  व्यापक छ । पत्ल्याउने कार्य गर्दा कुनै निश्चित प्रजातिको उमेर र वृद्धिदरको साथै सिफारिस गरिएको संचितीको तहलाई ध्यान दिनु पर्दछ । प्रति हेक्टर कति रुख हटाउने भन्ने कुरा हरेक पत्ल्याउने कार्यमा अनुमान गर्नुपर्छ । यस मार्गदर्शनले रुखहरुको संख्याको आधारमा गरिने नियन्त्रणलाई सिफारिस गरेको छ ।

### पत्ल्याउने कार्य र संलग्न संभाव्य चुनौतीहरु

कुनै पनि पत्ल्याउने कार्यमा चुनौतीहरु संलग्न रहन्छन् । पत्ल्याउने कार्यमा प्रष्टरुपमा देखिएको चुनौती भने छत्र खुला हुँदा बाँकी रहेका रुखहरु हावाले भाचिने र उखेलिने हो । यस प्रकारको खतरा पहाडको टुप्पामा र बढी पत्ल्याउने कार्य भएको ठाउँमा बढी मात्रामा रहन्छ । पत्ल्याउने कार्य ढिला भएमा रुखको जरा र व्यासको वृद्धिमा कम हुन गई रुखहरु कमजोर अवस्थामा रहेका हुन्छन् ।

## ६. पत्ल्याउने मार्गदर्शनहरु (Guidelines for Thinning)

### ६.१ पत्ल्याउने कार्यको सिद्धान्तहरु :

सामुदायिक बनमा स्थानीय जनताको आवश्यकतालाई ध्यानमा राखी सल्लाको वृक्षारोपणहरुमा पत्ल्याउने कार्य सम्बन्धमा निम्नानुसारका सिद्धान्तहरु अवलम्बन गरिएका छन् ।

- पाटे एवं खोटे सल्लाका वृक्षारोपण बनको व्यवस्थापन चिरान काठ उत्पादन गर्नुको साथसाथै दाउरा र अन्य बन पैदावार उत्पादनको लागि गरिएको हो ।
- धेरै बाक्लो बनका (पुराना अव्यवस्थित) रुखहरुको बृद्धिहुने क्षमता कम भैसकेको हुनाले व्यवस्थित बन सरह उमेरको वर्गीकरणको आधारमा रुखको संख्या घटाउने कार्य त्यति उपयुक्त हुँदैन । तथापी यस प्रकारका बनमा पत्ल्याउने कार्य गर्दा बन क्षेत्रका रुखहरुको सम्भाव्य उत्पादकत्व बढी भन्दा बढी कायम राख्नु पर्ने हुन्छ ।
- समूहलाई उपयुक्त हुने चौडापाते प्रजातिको पुनरुत्थानलाई सहयोग पुऱ्याउने आवश्यकतालाई मनन् गरी भविष्यको लागि त्यस्ता प्रजातिलाई प्रोत्साहन दिनु पर्दछ ।
- वृक्षारोपण क्षेत्रको उत्पादकत्व नघटाउनको लागि आवश्यक मात्रामा संचिती कायम राख्ने प्रयास गर्नु पर्छ । उत्पादकत्व कायम राख्नको लागि वेसल एरियालाई सूचाङ्को रुपमा लिई प्रति हेक्टर २० वर्ग मिटर कायम राख्ने प्रयास गर्नुपर्छ । तथापि, पछिल्ला पत्ल्याउने अवस्थामा यो संभव नहुन पनि सक्छ ।

### ६.२ कटान चक्र:

पाटे तथा खोटे सल्लाका वृक्षारोपणहरुको दुई छुट्टाछुट्टै कटान चक्र सिफारिस गरिएको छ । यस मार्गदर्शनले कटान चक्र पाटे सल्लाको



लागि ४५ वर्ष र खोटे सल्लाको लागि ७५ वर्ष निर्धारण गरेको छ । बन व्यवस्थापन अनुसन्धानबाट वृद्धि एवं पत्ल्याउने तरिका सम्बन्धि थप जानकारीहरु प्राप्त भए पश्चात् यस कटान चक्र एवं पत्ल्याउने तरिकामा सुधार गरिने छ ।

### ६.३ कहिले पत्ल्याउने ?

पत्ल्याउने कार्य प्रायः सुख्खा मौसममा गरिन्छ किनकि यो समयमा जंगल प्रवेश सरल र रुखको वृद्धि सुसुप्त अवस्थामा हुन्छ । यसको साथै उपभोक्ताहरुको खेतिपातीको काम खासै नहुने तथा यस समयमा काटिएका सल्लाको काठ बिग्रने संभावना कम हुन्छ ।

### ६.४ कसरी पत्ल्याउने ?

धेरै वर्ष सम्म संरक्षित भै बाक्लो अवस्थामा रहेको बनलाई उमेरको आधारमा तोकिएको पत्ल्याउने तरिका लागु गर्दा रुखहरुको सानो छत्र र कम विकसित जराका कारण अपेक्षित रुपमा वृद्धि नहुन सक्छ । यस प्रकारको बन पत्ल्याउँदा एउटा चरणबद्ध प्रक्रियाको आवश्यक पर्छ र यसरी पत्ल्याउँदा बढी भन्दा बढी उत्पादकत्व कायम राख्न सकिन्छ ।

### ६.५ कुन तरिका प्रयोग गर्ने ?

यस मार्गदर्शनले "छनोट गरी पत्ल्याउने तरिकालाई" सिफारिस गर्दछ । उक्त तरिकाको तलबाट पत्ल्याउने बिधि नै यस मार्गदर्शनको पत्ल्याउने बिधि हुनेछ । यस बिधि अन्तर्गत पहिलो चार (४) पत्ल्याईहरु (उमेर ५, १०, १५ र २०मा गरिने पत्ल्याउने कार्यहरु) मा उप-बिधिहरु (क) वा (ख) वा दुवै प्रयोग हुनेछ भने दोस्रो तिन (३) पत्ल्याईहरु (उमेर २५, ३० र ३५मा गरिने पत्ल्याउने कार्यहरु) मा उप-बिधिहरु (क) वा (ख) वा (ग) वा कुनै दुई वा सबै प्रयोग हुनेछ । बाँकी अन्तिम

पत्ल्याई कार्यहरुमा (घ) उप-विधिको प्रयोग गरी रुखहरु हटाइने छन् ।

पत्ल्याउने कार्य गर्दा राम्रो खाले रुखहरु विच समान दूरी कायम राख्ने, छत्र र जराको प्रतिष्पर्धामा कमि ल्याई यी रुखहरुलाई अन्तिम कटानको लागि कायम राखिने छ । धेरैजसो वृक्षारोपणहरु कहिं बाक्लो र कहिं पातलो अवस्थामा रहेका छन् । यस पत्ल्याउने तरिकाको अवलम्बन गरि दुबै अवस्थामा रहेका वनहरुलाई समान किसिमवाट बढ्ने मौका प्रदान गर्न सकिन्छ ।

३५ वर्ष वा सो भन्दा माथीका पाटे र ६० वर्ष वा सो भन्दा माथिका खोटे सल्लाका वृक्षारोपणहरुमा पत्ल्याउने भन्दा पनि मौजुदा वृक्षारोपण बनलाई विस्थापित गरि नयाँ वनको लागी पुनरुत्थान (रिजनेरेसन) को लागि गरिने कटानको रुपमा वढि लिनु पर्छ ।

**६.६ पत्ल्याउने सिफारिसहरु :**

वृक्षारोपणको प्रारम्भिक दूरी २.५मी. x २.५मी. हुन्छ, जस अनुसार प्रति हेक्टर विरुवा संख्या १,६०० वटा पर्न आउंछ । काभ्रेपलान्चोक तथा सिन्धुपाल्चोकमा रहेका सल्लाका वृक्षारोपणहरुको अध्ययन गर्दा वहुसंख्यक वनहरु तल उल्लेखित अवस्थामा पाइएको छ ।

- पहिलो अवस्था: १,३०० देखि १,५०० रुख प्रति हेक्टर (केहि रुखहरु मरेका तर हालसम्म कुनै पनि पत्ल्याउने कार्य नभएको)
- दोस्रो अवस्था: १,१०० देखि १,३०० रुख प्रति हेक्टर (वढि मृत्युदर वा एक पटक पत्ल्याउने कार्य भएको)
- तेस्रो अवस्था: ८०० देखि १,१०० रुख प्रतिहेक्टर (वढि मृत्युदर वा एक वा दुई पटक पत्ल्याउने कार्य भएको)



यी वृक्षारोपण वनहरुलाई पत्ल्याउने तरिकाहरु निम्न बमोजिम तल तालिकाहरु (२, ३, ४ र ५) मा उल्लेख गरिएको छ । साथै उल्लेखित प्रजातीहरुका नयाँ वृक्षारोपणहरुमा तालिका ६ र ७ अनुसार पत्ल्याउने कार्य गरी व्यवस्थापन गरिनेछ ।

तालिका २: सन् १९८६ र १९९० को बीचमा गरिएका पाटे सल्लाका वृक्षारोपणहरुको लागि मार्गदर्शन ।

तालिका ३: सन् १९८० र १९८५ को बीचमा गरिएका पाटे सल्लाका वृक्षारोपणहरुको लागि मार्गदर्शन ।

तालिका ४: सन् १९८६ र १९९० को बीचमा गरिएका खोटे सल्लाका वृक्षारोपणहरुको लागि मार्गदर्शन ।

तालिका ५: सन् १९८० र १९८५ को बीचमा गरिएका खोटे सल्लाका वृक्षारोपणहरुको लागि मार्गदर्शन ।

तालिका ६: पाटे सल्लाको वृक्षारोपण वन पत्ल्याउने मार्गदर्शन ।

तालिका ७: खोटे सल्लाको वृक्षारोपण वन पत्ल्याउने मार्गदर्शन ।

तालिका २: सन् १९८६ र १९९० को बीचमा गरिएका पाटे सल्ला वृक्षारोपणको लागि पत्याउने मार्गदर्शन ।

| चालु उमेर (वर्ष) | संचित (रुख/हेक्टर) | पत्याइए पछि बाँकी रहने (रुख/हे.) | पत्याएको प्रतिशत | पत्याउनु भन्दा पहिलेको औसत दुरी (मी.) | पत्याए पछिको दुरी (मी.) | पत्याए को औसत रुखहरु (संख्या) |
|---|---|---|---|---|---|---|
| १५-१९ | १,३००-१,५०० | १,०५० | २५ | ३x२.५ | ३x३ | ३५० |
| जोड ३ (औसत २०) | १,०५० | ७५० | २९ | ३x३ | ४x३.५ | ३०० |
| जोड ४ (औसत २४) | ७५० | ५५० | २७ | ४x३.५ | ४.५x४ | २०० |
| जोड ४ (औसत २८) | ५५० | ४०० | २७ | ४.५x४ | ५x५ | १५० |
| जोड ५ (औसत ३३) | ४०० | २८० | ३० | ५x५ | ६x६ | १२० |
| जोड ५ (औसत ३८) | २८० | १८० | ३६ | ६x६ | ८x७ | १०० |
| अन्तिम कटान ४५ | १८० | ० | १०० | ८x७ | | १८० |
| १५-१९ | ११००-१३०० | ८५० | २९ | ३x३ | ३x४ | ३५० |
| जोड ३ (औसत २०) | ८५० | ६०० | २९ | ३x४ | ४x४ | २५० |
| जोड ४ (औसत २४) | ६०० | ४५० | २५ | ४x४ | ४.५x५ | १५० |
| जोड ४ (औसत २८) | ४५० | ३०० | ३३ | ४.५x५ | ६x६ | १५० |
| जोड ५ (औसत ३३) | ३०० | २०० | ३३ | ६x६ | ७x७ | १०० |
| अन्तिम कटान ४५ | २०० | ० | १०० | ७x७ | | २०० |
| १५-१९ | ८००-११०० | ७०० | २६ | ३x३ | ३.५x४ | २५० |
| जोड ३ (औसत २०) | ७०० | ५०० | २९ | ३.५x४ | ४.५x४ | २०० |
| जोड ४ (औसत २४) | ५०० | ३५० | ३० | ४.५x४ | ५x५ | १५० |
| जोड ४ (औसत २८) | ३५० | २६० | २६ | ५x५ | ६.५x६ | ९० |
| जोड ५ (औसत ३३) | २६० | १८० | ३१ | ६.५x६ | ८x७ | ८० |
| अन्तिम कटान ४५ | १८० | ० | १०० | ८x७ | | १८० |



तालिका ३: सन् १९८० र १९८५ को बीचमा गरिएका पाटे सल्ला वृक्षारोपणको लागि पत्याउने मार्गदर्शन ।

| चालु उमेर (वर्ष) | संचित (रुख/हेक्टर) | पत्याइए पछि बाँकी रहने (रुख/हे.) | पत्याएको प्रतिशत | पत्याउनु भन्दा पहिलेको औसत दुरी (मी.) | पत्याए पछिको दुरी (मी.) | पत्याए को औसत रुख संख्या |
|---|---|---|---|---|---|---|
| २०-२५ | १३००-१५०० | १००० | २९ | ३x२.५ | ३x३ | ४०० |
| जोड ३ (औसत २६) | १००० | ७०० | ३० | ३x३ | ३.५x४ | ३०० |
| जेड ४ (औसत ३०) | ७०० | ५०० | २९ | ३.५x४ | ४.५x५ | २०० |
| जोड ५ (औसत ३४) | ५०० | ३५० | ३० | ४.५x५ | ५x५ | १५० |
| जोड ५ (औसत ३९) | ३५० | १८० | ४९ | ५x५ | ८x७ | १७० |
| अन्तिम कटान ४५ | १८० | ० | १०० | ८x७ | | १८० |
| २०-२५ | ११००-१३०० | ८५० | २९ | ३x३ | ३x४ | ३५० |
| जोड ३ (औसत २६) | ८५० | ६०० | २९ | ३x४ | ४.५x४ | २५० |
| जेड ४ (औसत ३०) | ६०० | ४०० | ३३ | ४.५x४ | ५x५ | २०० |
| जोड ५ (औसत ३४) | ४०० | २६० | ३५ | ५x५ | ६.५x६ | १४० |
| जोड ५ (औसत ३९) | २६० | १६० | ३८ | ६.५x६ | ८x७ | १०० |
| अन्तिम कटान ४५ | १६० | ० | १०० | ८x७ | | १६० |
| २०-२५ | ८००-११०० | ६५० | ३२ | ३x३ | ४x४ | ३०० |
| जोड ३ (औसत २६) | ६५० | ४५० | ३१ | ४x४ | ५x४.५ | २०० |
| जेड ४ (औसत ३०) | ४५० | ३०० | ३३ | ५x४.५ | ६x६ | १५० |
| जोड ५ (औसत ३४) | ३०० | २२० | २७ | ६x६ | ७x७ | ८० |
| जोड ५ (औसत ३९) | २२० | १५० | ३२ | ७x७ | ८x८ | ७० |
| अन्तिम कटान ४५ | १५० | ० | १०० | ८x८ | | १५० |

तालिका ४: सन् १९८६ र १९९० को बीचमा गरिएका खोटे सल्ला वृक्षारोपणको लागि पत्ल्याउने मार्गदर्शन ।

| चलु उमेर (वर्ष) | संचित (रुख/हेक्टर) | पत्ल्याइए पछि बाँकी रहने (रुख/हे.) | पत्ल्याएको प्रतिशत | पत्ल्याउनु भन्दा पहिलेको औसत दुरी (मी.) | पत्ल्याए पछिको दुरी (मी.) | पत्ल्याएको औसत रुखहरु (संख्या) |
|---|---|---|---|---|---|---|
| १५-१९ | १३००-१५०० | १०५० | २५ | ३x२.५ | ३x३ | ३५० |
| जोड ४ (औसत २१) | १०५० | ८५० | १९ | ३x३ | ३x४ | २०० |
| जोड ४ (औसत २५) | ८५० | ६५० | २४ | ३x४ | ४x४ | २०० |
| जोड ५ (औसत ३०) | ६५० | ५०० | २३ | ४x४ | ५x४ | १५० |
| जोड ६ (औसत ३६) | ५०० | ३८० | २४ | ५x४ | ५x५ | १२० |
| जोड ६ (औसत ४२) | ३८० | २८० | २६ | ५x५ | ६x६ | १०० |
| जोड ६ (औसत ४८) | २८० | २०० | २९ | ६x६ | ७x७ | ८० |
| अन्तिम कटान ५५ | २०० | ० | १०० | ७x७ | | २०० |
| १५-१९ | ११००-१३०० | ९०० | २५ | ३x३ | ३x४ | ३०० |
| जोड ४ (औसत २१) | ९०० | ७०० | २२ | ३x४ | ४x३.५ | २०० |
| जोड ४ (औसत २५) | ७०० | ५५० | २१ | ४x३.५ | ४.५x४ | १५० |
| जोड ५ (औसत ३०) | ५५० | ४५० | १८ | ४.५x४ | ५x४.५ | १०० |
| जोड ६ (औसत ३६) | ४५० | ३५० | २२ | ५x४.५ | ५x५ | १०० |
| जोड ६ (औसत ४२) | ३५० | २५० | २९ | ५x५ | ६.५x६ | १०० |
| जोड ६ (औसत ४८) | २५० | १८० | २८ | ६.५x६ | ८x७ | ७० |
| अन्तिम कटान ५५ | १८० | ० | १०० | ८x७ | | १८० |
| १५-१९ | ८००-११०० | ७५० | २१ | ३x३ | ३.५x४ | २०० |
| जोड ४ (औसत २१) | ७५० | ६०० | २० | ३.५x४ | ४x४ | १५० |
| जोड ४ (औसत २५) | ६०० | ५०० | १७ | ४x४ | ५x४ | १०० |
| जोड ५ (औसत ३०) | ५०० | ४२० | १६ | ५x४ | ५x५ | ८० |
| जोड ६ (औसत ३६) | ४२० | ३२० | २४ | ५x५ | ५x६ | १०० |
| जोड ६ (औसत ४२) | ३२० | २४० | २५ | ५x६ | ७x६ | ८० |
| जोड ६ (औसत ४८) | २४० | १८० | २५ | ७x६ | ८x७ | ६० |
| अन्तिम कटान ५५ | १८० | ० | ० | ८x७ | | १८० |



तालिका ५: सन् १९८० र १९८५ को बीचमा गरिएको खोटे सल्ला वृक्षारोपणको लागि पत्ल्याउने मार्गदर्शन ।

| चालु उमेर (वर्ष) | संचित (रुख/हेक्टर) | पत्ल्याए पछि बाँकी रहने (रुख/हे.) | पत्ल्याएको प्रतिशत | पत्ल्याउनु भन्दा पहिलेको औसत दुरी (मी.) | पत्ल्याए पछिको दुरी (मी.) | पत्ल्याएको औसत रुख संख्या |
|---|---|---|---|---|---|---|
| २०-२५ | १३००-१५०० | १००० | २९ | ३x२.५ | ३x३ | ४०० |
| जोड ५ (औसत २८) | १००० | ७५० | २५ | ३x३ | ३.५x४ | २५० |
| जेड ६ (औसत ३४) | ७५० | ५५० | २७ | ३.५x४ | ४.५x४ | २०० |
| जेड ७ (औसत ४१) | ५५० | ४०० | २७ | ४.५x४ | ५x५ | १५० |
| जोड ७ (औसत ४८) | ४०० | २४० | ४० | ५x५ | ७x६ | १६० |
| अन्तिम कटान ५५ | २४० | ० | १०० | ७x६ | | २४० |
| २०-२५ | ११००-१३०० | ८५० | २९ | ३x३ | ३.५x३.५ | ३५० |
| जोड ५ (औसत २८) | ८५० | ६०० | २९ | ३.५x३.५ | ४x४ | २५० |
| जेड ६ (औसत ३४) | ६०० | ४०० | ३३ | ४x४ | ५x५ | २०० |
| जेड ७ (औसत ४१) | ४०० | २८० | ३० | ५x५ | ६x६ | १२० |
| जोड ७ (औसत ४८) | २८० | २०० | २९ | ६x६ | ७x७ | ८० |
| अन्तिम कटान ५५ | २०० | ० | १०० | ७x७ | | २०० |
| २०-२५ | ८००-११०० | ६५० | ३२ | ३x३ | ४x४ | ३०० |
| जोड ५ (औसत २८) | ४५० | ४५० | ३१ | ४x४ | ५x४.५ | २०० |
| जेड ६ (औसत ३४) | ३०० | ३०० | ३३ | ५x४.५ | ६x६ | १५० |
| जेड ७ (औसत ४१) | २४० | २४० | २० | ६x६ | ७x७ | ६० |
| जोड ७ (औसत ४८) | १८० | १३५ | २५ | ७x७ | ८x८ | ६० |
| अन्तिम कटान ५५ | १३५ | ० | १०० | ८x८ | | १८० |

तालिका ६: पाटे सल्लाको वृक्षारोपण वन पत्ल्याउने मार्गदर्शन ।

| चालु उमेर (वर्ष) | रुख संख्या/हेक्टर | पत्ल्याईए पछिको रुख संख्या/हेक्टर | पत्ल्याईएका रुख संख्या/हेक्टर |
|---|---|---|---|
| वृक्षारोपण वर्ष | १६०० | १६०० | ० |
| वर्ष ५ | १६०० | १५०० | १०० |
| वर्ष १० | १५०० | १२०० | ३०० |
| वर्ष १५ | १२०० | १०५० | १५० |
| वर्ष २० | १०५० | ९०० | १५० |
| वर्ष २५ | ९०० | ७५० | १५० |
| वर्ष ३० | ७५० | ५५० | २०० |
| वर्ष ३५ | ५५० | २८० | २७० |
| वर्ष ४० | २८० | १८० | १०० |
| वर्ष ४५ ( अन्तिम कटान ) | १८० | ० | १८० |
| | | कुल | १६०० |

तालिका ७: खोटे सल्लाको वृक्षारोपण वन पत्ल्याउने मार्गदर्शन ।

| चालु उमेर (वर्ष) | रुख संख्या/हेक्टर | पत्ल्याईए पछिको रुख संख्या/हेक्टर | पत्ल्याईएका रुख संख्या/हेक्टर |
|---|---|---|---|
| वृक्षारोपण वर्ष | १६०० | १६०० | ० |
| वर्ष ५ | १६०० | १६०० | ० |
| वर्ष १० | १६०० | १६०० | ० |
| वर्ष १५ | १६०० | १४०० | २०० |
| वर्ष २० | १४०० | १०५० | ३५० |
| वर्ष २५ | १०५० | ९०० | १५० |
| वर्ष ३० | ९०० | ८०० | १०० |
| वर्ष ३५ | ८०० | ६२५ | १७५ |
| वर्ष ४० | ६२५ | ५०० | १२५ |
| वर्ष ४५ | ५०० | ४०० | १०० |
| वर्ष ५० | ४०० | ३०० | १०० |
| वर्ष ५५ | ३०० | २२५ | ७५ |
| वर्ष ६० | २२५ | १९० | ३५ |
| वर्ष ६५ | १९० | १४५ | ४५ |
| वर्ष ७० | १४५ | १४५ | ० |
| वर्ष ७५ ( अन्तिम कटान ) | १४५ | ० | १४५ |
| | | कुल | १६०० |



## अनुसूची १: पाटे र खोटे सल्लाको वृक्षारोपण पत्ल्याउने तरिका

### कस्ता कस्ता रुखहरु छान्ने ?

"छनोट गरेर पत्ल्याउने तरीका" अन्तरगत "तलबाट पत्ल्याउने विधि" अनुसारको पत्ल्याउने तरीका अवलम्बन गर्दा मरेका, मर्न लागेका, थिचोमिचोमा परेका र बढ्न नसक्ने रुखहरुमा चिन्हो लगाउने हो (कृपया चित्र नं. २ र ३ हेर्नुहोला) । यसरी चिन्ह लगाउँदा वृक्षारोपणको वर्ष अनुसार उल्लेखित रुख संख्या बाँकी हुने गरी चिन्हो लगाउनु पर्छ ।

### कतिवटा रुखहरुमा चिन्ह लगाउने ?

पत्ल्याउने कार्य सम्पन्न भए पछि बाँकी रहने रुखको संख्या पत्तालगाउन तालिका २ वा ३ वा ४ वा ५ वा ६ वा ७ को प्रयोग गर्नु पर्ने हुन्छ । तालिकामा उल्लेख भएको रुखको संख्या राख्न कतिवटा रुखहरु हटाउनु पर्छ भनेर जानकारी प्राप्त हुन्छ ।

| ब्लकमा भएका प्रति हे. रुखहरुको संख्या | - | पत्ल्याए पछि बाँकी रहने रुखहरुको संख्या | = | हटाउनु पर्ने रुखहरुको संख्या |
|---|---|---|---|---|

### कुन कुन रुखहरु पत्ल्याउने ?

छनोट गरेर पत्ल्याउने तरिका अन्तरगत सर्व प्रथम मरेका र मर्न लागेका रुखहरु हटाउने । यिनीहरुमा चिन्ह लगाइसके पछि दबाबमा परेका रुखहरुमा चिन्ह लगाउने । यिनीहरुमा चिन्ह लगाएर पनि रुखहरुको संख्या अपुग भएमा बढ्न नसकेका रुखहरुमा चिन्ह लगाउने र सो गर्दा पनि अपुग भएमा धेरैहाँगा भएका र ती हाँगाहरु पत्ल्याउन

गाह्रो भएका रुखहरुमा चिन्ह लगाउने । यी रुखहरुमा चिन्ह लगाउँदा पनि नपुग भएमा साना खालका रुखहरुमा चिन्ह लगाउने ।

पुरै ब्लकमा एकैचोटी चिन्ह लगाउन गाह्रो हुने भएकोले, सजिलोको लागि "ग्रीड" विधिको प्रयोग गर्ने । यस विधिको प्रयोग गर्दा आफुलाई सुविधा हुने गरि ब्लकलाई सानो-सानो १ वा १/२ हे. वा १० X १० मी. को क्षेत्रमा विभाजन गरी (डोरीको मद्दतले) विभाजीत क्षेत्रहरुमा चिन्ह लगाई अन्तमा रुखहरुको संख्याको गणना गर्ने ।

**कसरी पत्ल्याउने ?**

छानिएका रुखहरु काट्दा अन्य छाडिएका रुखहरुलाई सकभर कम हानि हुने गरी काट्नु पर्छ । त्यसरी काट्दा काटीएको रुख कहाँ गएर ढल्छ भनि विशेष ध्यान दिनु पर्छ । सकभर खाली भएको ठाउँको नजिकबाट पत्ल्याउने काम सुरु गर्नु पर्छ । यसरी काट्दा खालीठाँउमा ढल्ने गरी रुख काट्नु पर्छ । पत्ल्याउने कार्य गर्दा एउटा रुख काट्दा बन्न गएको खाली स्थानमा अर्को रुख ढाल्नु पर्छ । यसै क्रमले पत्ल्याउने काम सम्पन्न गर्नु पर्छ ।

पत्ल्याउने कार्यमा रुख कहाँ ढाल्ने भनि विषेश ध्यान दिनुपर्ने भएकोले काट्ने तरिकाको आफ्नै महत्व हुन्छ । त्यसैले रुख ढाल्ने वा काट्ने तरीकाको जानकारी राख्न जरुरी हुन्छ । रुख काट्दा सर्व प्रथम: काटीने रुखको वरिपरीका झाडी, उन्यू, बनमारा वा अन्य कुनै काँडा भए त्यसलाई पन्छ्याउनु पर्छ । तत् पश्चात काटीने रुख जुन दिशामा ढाल्ने हो, रुखको सोही दिशा तिर फर्केको भागमा, लडेको V (भि नोच) वा गाई वाखाले आँ गर्दाको मुखको आकारमा कटाइ गर्नु पर्छ । लडेको Vको कटाइ सकभर तल (भूई भन्दा २० देखि ३० से.मि. भित्र) सम्म काट्नु पर्छ । यसो गर्नाले मुल्यवान काठ कम खेर जाने हुन्छ । लडेको Vको कटाइ पछि, यस कटाइको ठिक विपरित दिशामा र लडेको Vको ठिक माथि पर्ने गरि सिधा काट्नु पर्छ । यो विपरित




दिशाको कटाइले लडेको Vको माथिल्लो भागलाई छुनु पर्छ । विपरित दिशाको कटाइले लडेको Vलाई छुनु भन्दा अलि अगावै वा छुने बितिकै अर्को व्यक्ति (वा व्यक्तिहरु)ले लडाउने दिशातिर रुखलाई धकेली लडाउनु पर्छ । रुख काट्न दुई व्यक्तिको जोडी भएमा सजिलो हुने देखिन्छ ।

**अनुसूची २: मार्गदर्शन अनुसार वन कार्ययोजनामा पत्ल्याउने पद्धति अनुसार सिफारिस गर्ने तरिका**

मार्गदर्शन अनुसार वन कार्य योजनामा पत्ल्याउने पद्धति अनुसार सिफारिस गर्ने तरिका


१. सबभन्दा पहिले खण्ड वा उपखण्डमा प्रति हेक्टर मौजुदा रुखको संख्या (संचिति) पत्ता लगाउने ।
२. रुखको प्रजाति तथा उमेर पत्ता लगाउने ।
३. पत्ल्याउने मार्गदर्शनमा दिएको तालिका अनुसार प्रजाति, उमेर र संचितिको आधारमा कति रुख हटाउने भन्ने कुरा कार्य योजनामा सिफारिस गर्ने । उदाहरणको लागि २५ बर्षको पाटे सल्लाको वृक्षारोपणमा मौजुदा रुख संख्या १२०० प्रति हेक्टर छ भने तालिका ३ अनुसार दोस्रो अवस्थाको ११०० - १३०० संचिति महलमा हेर्ने र पत्ल्याए पछि बाँकी रहने रुख संख्या ८५० प्रति हेक्टर राख्नका लागि हटाउनु पर्ने रुख संख्या ३५० प्रति हेक्टर हुन आउँछ ।

यसरी कार्य योजनामा कति हटाउने भन्ने कुरा तालिका हेरी निर्धारण गर्ने र उक्त खण्ड वा उपखण्डमा ३ वर्ष पछि मात्र पुन पत्ल्याउने पद्धति अनुसार रुख हटाउने ।



चित्र नं. २
पल्त्याउनु अघिको अवस्था





चित्र नं. ३
पल्त्याइए पछिको अवस्था